नेपाल सरकार

शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरको सूचना

यस आयोगको विज्ञापन अनुसार आगामी २०७३ साल भाद्र ११ गते सञ्चालन गरिने निम्न माध्यमिक तह, तृतीय श्रेणी शिक्षक पदको प्रतियोगितात्मक लिखित परीक्षा सम्बन्धमा निम्न व्यवस्था गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**(क) प्रश्नपत्रको भाषाका सम्बन्धमा :-**

नेपाली, अङ्ग्रेजी, संस्कृत व्याकरण र संस्कृत भाषा विषयहरुको प्रश्नपत्र सम्बन्धित भाषामा, कम्प्युटर विज्ञान, विज्ञान, गणित र गणित विज्ञान विषयको प्रश्नपत्र अङ्ग्रेजी भाषामा र अन्य विषयको प्रश्नपत्र नेपाली भाषामा सोधिने छ ।

**(ख) उम्मेदवारले प्रयोग गर्ने भाषाका सम्बन्धमा :-**

नेपाली, अङ्ग्रेजी र संस्कृत भाषा विषयको दुबै खण्डको उत्तर सम्बन्धित भाषामा, कम्प्युटर विज्ञान, विज्ञान, गणित, गणित विज्ञान र संस्कृत व्याकरणको खण्ड (क) को उत्तर नेपाली वा अङ्ग्रेजी वा संस्कृत भाषामा र अन्य विषयको उत्तर नेपाली वा अङ्ग्रेजी वा दुबै भाषामा दिन सकिने छ ।

**(ग) उत्तरपुस्तिका र परीक्षामा सोधिने प्रश्न सम्बन्धमा :-**

आगामी परीक्षा नयाँ पाठ्यक्रम बमोजिम हुने सूचना यस अघि आयोगबाट जारी भइसकेको छ । आयोगद्वारा प्रकाशित विशिष्टीकरण तालिका बमोजिम खण्ड (क)र (ख) को पूर्णाङ्क ४०/४० हुनेछ । सामान्यतया प्रत्येक क्षेत्र समेटिने गरी छोटो र लामो उत्तर आउने प्रश्नहरु सोधिने छ । उत्तरपुस्तिका प्रत्येक खण्डका लागि अलग अलग हुनेछ ।

**(घ) वस्तुगत प्रश्न र उत्तरको सम्बन्धमा :-**

उम्मेवारलाई वस्तुगत प्रश्न र उत्तरपुस्तिका छुट्टाछुट्टै दिइने छ । वस्तुगत प्रश्नपत्र परीक्षा समाप्तिसगै लिएर जान सकिने छ । उत्तरपुस्तिकाको दायाँ भागमा उम्मेदवारको व्यक्तिगत विवरण (नाम, थर, रोल नं. आदि) रहनेछ भने बायाँतर्फ सम्बन्धित प्रश्नको सङ्केत नम्बर र सही उत्तर (क, ख, ग र घ) मध्ये कुनै एक विकल्प राखिएको छ । उम्मेदवारले आफ्नो उपलब्ध उत्तरपानामा क, ख, ग र घ मध्ये कुनै एक विकल्पलाई अक्षरमा लेख्नु पर्नेछ । सङ्केत नम्बर उल्लेख नभएको उत्तरपानाको परीक्षण गरिने छैन । बस्तुगत परीक्षाको उत्तरपानाको नमुना आयोगको वेबसाइट (www.tsc.gov.np) मा राखिएको छ ।

**(ङ) केन्द्र परिवर्तन सम्बन्धमा**

जिल्ला शिक्षा कार्यालय, डडेल्धुराबाट निम्नमाध्यमिक तहको सामाजिक विषयका लागि दरखास्त फाराम भर्ने उम्मेदवारहरुको परीक्षा केन्द्र सोही जिल्ला राखिएकोमा यस आयोगको मिति २०७३।०४।१७ को निर्णयानुसार उपरोक्त बमोजिमका उम्मेदवारहरुको परीक्षा केन्द्र क्षेत्रीय शिक्षा निर्देशनालय, दिपायल, डोटी अन्तर्गत रहने गरी केन्द्र कायम गरिएको छ ।